आज मिति: २०८१/०३/३० गते यस सुनकोशी गाउँपालिकाको गाउँसभा चौथो अधिवेशनको दोस्रो बैठक यस गाउँपालिका अध्यक्ष श्री टपिन्द्र तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति:

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | टपिन्द्र प्रसाद तिमल्सिना | अध्यक्ष | |
| २ | कान्छि लामा | उपाध्यक्ष | |
| ३ | कुमार शाही | वडा अध्यक्ष | |
| ४ | पूर्ण बहादुर महत | वडा अध्यक्ष | |
| ५ | ईश्वर तामाङ | वडा अध्यक्ष | |
| ६ | भोजलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | जाल बहादुर तामाङ | वडा अध्यक्ष | |
| ८ | चक्र बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | ईश्वर तिमल्सिना | वडा अध्यक्ष | |
| १० | पुतली वि.क. | गाउँसभा सदस्य | |
| ११ | रेल बहादुर पहरी | गाउँसभा सदस्य | |
| १२ | मिना परियार | गाउँसभा सदस्य | |
| १३ | कटक बहादुर खत्री | गाउँसभा सदस्य | |
| १४ | रमिला तामाङ | गाउँसभा सदस्य | |
| १५ | कमला रोक्का | गाउँसभा सदस्य | |
| १६ | धन बहादुर तिमल्सिना | गाउँसभा सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | कौसल्या सापकोटा | गाउँसभा सदस्य | [illegible] |
| १८ | फूलमाया सार्की | गाउँसभा सदस्य | फुलमाया |
| १९ | दिपेन्द्र थापामगर | गाउँसभा सदस्य | [illegible] |
| २० | सविन पहरी | गाउँसभा सदस्य | [illegible] |
| २१ | ज्ञानी खड्का | गाउँसभा सदस्य | [illegible] |
| २२ | मसली सार्की | गाउँसभा सदस्य | मसली |
| २३ | राजु खड्का | गाउँसभा सदस्य | [illegible] |
| २४ | कवाङ लामा | गाउँसभा सदस्य | |
| २५ | विष्णुमाया तामाङ | गाउँसभा सदस्य | [illegible] |
| २६ | लिला कुमारी सिलवाल | गाउँसभा सदस्य | |
| २७ | विवेक योञ्जन | गाउँसभा सदस्य | [illegible] |
| २८ | पासाङ लामा | गाउँसभा सदस्य | पासाङ |
| २९ | माया लामा | गाउँसभा सदस्य | [illegible] |
| ३० | सिता सुन्दास | गाउँसभा सदस्य | [illegible] |
| ३१ | श्याम सुन्दर पाख्रिन | गाउँसभा सदस्य | |
| ३२ | रविन्द्र भण्डारी | गाउँसभा सदस्य | |
| ३३ | राजेन्द्र घतानी | गाउँसभा सदस्य | [illegible] |
| ३४ | गृवेन्द्र माझी | गाउँसभा सदस्य | [illegible] |
| ३५ | रिना माझी | गाउँसभा सदस्य | [illegible] |

| | | | |
|---|---|---|---|
| ३६ | मञ्जु वि.क | गाउँसभा सदस्य | |
| ३७ | ठूलोकान्छा सार्की | गाउँसभा सदस्य | |
| ३८ | राजेस तिमल्सिना | गाउँसभा सदस्य | |
| ३९ | मोहनकुमार श्रेष्ठ | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | सुरक्षा कट्टेल | पशु विकास अधिकृत(सातौं) | |
| २ | दिकेश प्रजापती | ईन्जिनियर(सातौं) | |
| ३ | युग बहादुर खड्का | अधिकृत (छैठौं) | |
| ४ | गोविन्द बहादुर हायु | जन स्वास्थ्य निरिक्षक | |
| ५ | निम बहादुर बुढाथोकी | शिक्षा अधिकृत | |
| ६ | राम बहादुर न्यौपाने | अधिकृत (छैठौं) | |
| ७ | भुजन श्रेष्ठ | सुचना प्रविधि अधिकृत | |
| ८ | विजय के.सी | रोजगार संयोजक | |
| ९ | बद्रि नारायण भुजेल | इन्जिनियर | |
| १० | केशव शर्मा | कृषि प्रसार अधिकृत | |
| ११ | प्रकाश बस्नेत | लेखापाल | |
| १२ | पुरुषोतम ढुङ्गाना | आन्तरिक लेखा परिक्षण | |
| १३ | महेश प्रसाद बडु | प्राविधिक सहायक शिक्षा शाखा | |
| १४ | रेशम बहादुर खत्री | नि.मा.वि.शि.द्वि | |

| | | | |
|---|---|---|---|
| १५ | राजु बस्नेत | सि.अ.हे.ब. | |
| १६ | शिव गिरी | सहायक पाचौं | |
| १७ | पार्वती नापित | सहायकस्तर पाँचौं | |
| १८ | शुशिल खड्का | सव इन्जिनियर | |
| १९ | टोप बहादुर खड्का | MIS अपरेटर | |
| २० | रमेश भण्डारी | न्यायीक सहजकर्ता | |
| २१ | सुदिप पराजुलि | प्राविधिक सहायक(रोजगार) | |
| २२ | सन्तोषी राउत | रोजगार सहायक | |
| २३ | बाबुकाजी रोक्का | कम्प्युटर अपरेटर | |
| २४ | राहुल ढुङ्गाना | कृषि प्रविधिक | |
| २५ | राजन अधिकारी | पशु प्रविधिक | |
| २६ | सागर श्रेष्ठ | सहायकस्तर चौथो | |
| २७ | प्रतिमा कार्की | फिल्ड सहायक | |
| २८ | मेनुका कार्की | उद्यम विकास सहजकर्ता | |
| २९ | केशव प्रसाद पराजुलि | खा.पा.स.टे. | |
| ३० | सम्झना दहाल | पोषण सहायक | |
| ३१ | नम्रता पराजुली | अ.न.मी.(सहायक) चौंथो | |
| ३२ | सुनिता लामा | अ.स.ई | |
| ३३ | कुल प्रसाद सापकोटा | वडा सचिव | |
| ३४ | हरि कृष्ण खड्का | वडा सचिव | |
| ३५ | गोरख बहादुर खड्का | वडा सचिव | |
| ३६ | किरण खड्का | वडा सचिव | |
| ३७ | निम बहादुर कार्की | वडा सचिव | |
| ३८ | डोल राज अर्याल | वडा सचिव | |

| | | | |
|---|---|---|---|
| ३९ | रामईश्वर साह | कविराज निरिक्षक | |
| ४० | विनोद मण्डल | अ. ह. ड | [signature] |
| ४१ | राम प्रसाद खँड्के | प्र० प्र० नि० | [signature] |
| ४२ | निर्मला कार्की | अनुसन्धान सहायक | [signature] |
| ४३ | दिनेश थापा | पत्रकार महासंघ | [signature] |
| ४४ | सिताराम खतिवडा | प्र० जे० नि० | [signature] [illegible] |
| ~~४५ सद~~ | | | |
| ४५ | विदुर आचार्य | पत्रकार महासंघ | [signature] |
| ४६ | त्रिभुवन कुमार साह | म. ई | [signature] |
| ४८ | राम. चन्द्र. जि सि. | नो. प्रा. लि. | [signature] |
| ४९ | दिपु. कुमार यादव | अ. ब. ई | [signature] |
| ५० | विक्रम क्षत्री | ह. वि. या. | [signature] |
| ५१ | अमृत पाण्डे | का. वि. | [signature] |
| ५२. | विर बहादुर भोजन | का. वि. | [signature] |
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरु

१. आर्थिक बर्ष २०८१/०८२ को लागि गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट प्रस्तुत विनियोजन विधेयक पारित गर्ने सम्बन्धमा ।
२. आर्थिक बर्ष २०८१/०८२ को को लागि गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट प्रस्तुत बजेट पारित गर्ने सम्बन्धमा ।
३. सुनकोशी गाउँपालिका न्यायिक समितिका संयोजक श्री कान्छी लामाबाट प्रस्तुत न्यायिक समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा ।
४. सुनकोशी गाउँपालिका आर्थिक विकास समितिका संयोजक श्री इश्वर तामाङबाट प्रस्तुत रोजगार रणनीति, २०८१ पारित गर्ने सम्बन्धमा ।
५. सुनकोशी गाउँपालिका लेखा समितिका संयोजक श्री जालबहादुर लामाबाट प्रस्तुत लेखा समितिको बैठकबाट प्रस्तुत भई सम्परीक्षणको लागि पेश गर्नु पर्ने निर्णयहरु सम्बन्धमा ।
६. गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गाउँपालिकाले गरेको आर्थिक कारोबार र सो सम्बन्धमा अन्तिमं लेखा परीक्षण पश्चात प्राप्त लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
७. गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरु पारित गर्ने सम्बन्धमा ।
८. गाउँपालिका केन्द्र निर्धारण सम्बन्धमा ।
९. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।

**छलफल तथा निर्णयहरु**

निर्णय नं १.

गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट विनियोजन विधेयेक, २०८१ प्रस्तुत भयो । उक्त विधयेकमाथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षंता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले विधेयकको पक्षमा सदस्यहरुको मत जाहेर भएको हुँदा विनियोजन विधेयेक, २०८१ पारित भएको निर्णय गरियो ।

निर्णय नं २.

गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट आर्थिक बर्ष २०८१/०८२ को लागि बजेट प्रस्तुत गर्नु भयो । प्रस्तुत बजेट माथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले बजेटको पक्षमा सदस्यहरुको मत जाहेर भई आर्थिक बर्ष २०८१/०८२ को बजेट पारित भएको निर्णय गरियो ।

**टपिन्द्र प्रसाद तिमल्सिना**
**गा.पा. अध्यक्ष**

निर्णय नं. ३

गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक श्री कान्छी लामाबाट प्रस्तुत न्यायिक समितिको आर्थिक बर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो । प्रस्तुत प्रतिवेदन माथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले प्रतिवेदनको पक्षमा सदस्यहरुको मत जाहेर भई आर्थिक बर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन पारित भएको निर्णय गरियो ।

निर्णय नं. ४

सुनकोशी गाउँपालिकाका आर्थिक विकास समितिका संयोजक श्री इश्वर तामाङबाट रोजगार रणनीति, २०८१ प्रस्तुत गर्नु भयो । प्रस्तुत रणनीतिमाथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले रणनीतिको पक्षमा सदस्यहरुको मत जाहेर भएको हुँदा रोजगार रणनीति, २०८१ पारित भएको निर्णय गरियो ।

निर्णय नं. ५

सुनकोशी गाउँपालिकाका लेखा समितिका संयोजक श्री जालबहादुर लामाबाट लेखा समितिको विभिन्न मितिमा बसेको बैठकबाट भएको निर्णयहरु तथा सम्परीक्षणका लागि प्रस्तावहरु प्रस्तुत गर्नु भयो । प्रस्तुत निर्णय तथा सम्परीक्षणको लागि गरिएको प्रस्तावहरुमाथि व्यापक छलफल भयो । महालेखा परीक्षकको कार्यालयबाट गाउँपलिकाले आर्थिक बर्ष २०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८, २०७८/०७९ तथा २०७९/०८० गरेको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण सम्पन्न गरी सो को प्रतिवेदन उपलब्ध गराएकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम कायम भएका बेरुजू फछ्र्यौट सम्बन्धी आवश्यक निर्णय लिनको लागि विभिन्न मितिमा लेखा समितिको बैठक बसी दफावार छलफल गरी असूल उपर गर्ने भनी कायम भएका बेरुजू रकमहरु कानून बमोजिम असूल उपर गराउन र प्रमाण पेश गर्न र नियमित गर्नुपर्ने बेरुजू सम्बन्धित व्यक्ति/पक्ष/समिति/संघ/संस्था/कर्मचारीलाई जिम्मेवार बनाई नियमित गर्न आश्यक प्रकृया अगाडी बढाउन अनुरोध गर्नेको लागि बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मत जाहेर भएको हुँदा महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो ।

साथै नियमित गर्नु पर्ने बेरुजू सम्बन्धमा कानून बमोजिम पुर्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सी हानी नोक्सानी नदेखिई सो बाट गाउँपालिकाको कुनै नगदी वा जिन्सी हानी नोक्सानी नभएको हुँदा विभिन्न आर्थिक बर्षको प्रतिवेदनमा औँल्याईएका रु. २,६४,२८,७००। बराबर रकमको तपसिल बमोजिम कारोबारहरुको सम्परीक्षण गरी अनियमितलाई नियमित गरी बेरुजू रकमको लगत कट्टा गरिदिन समेत महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्न निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...दार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

तपसिल

आर्थिक बर्ष २०७४/०७५

| बेरुजु दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजु रकम | फछ्र्यौटको विवरण | कैफियत |
|---|---|---|---|---|
| ७ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कुनै पनि योजनाको २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्नुहुदैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले मिति २०७५।०३।०१ को निणर्यले विभिन्न नयाँ योजनामा रकमान्तर गरी अर्को योजनाका रकम रकमान्तर गरी खर्च लेखेको छ । रकमान्तगर गरेका योजनाहरु गाँउ सभाबाट अनुमोदन हुनपर्ने रु. ५,८९,०००। | ५,८९,०००। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कुनै पनि योजनाको २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्नुहुदैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले मिति २०७५।०३।०१ को निणर्यले विभिन्न नयाँ योजनामा रकमान्तर गरी अर्को योजनाका रकम रकमान्तर गरी तत्कालको लागि गाउँ कार्यपालिका बैठक बसी सो खर्च लेखिएको हुँदा हालको गाउँ सभाको अधिवेशनमा व्यापक छलफल भई अनुमोदन भएको हुँदा सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| १० | सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरिद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा कार्यालयले विभिन्न भौचर र मिति बाट कार्यालय सामान खरिद गरेकोले नियम सम्मत देखिएन । | १६,१४,०६०। | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने र प्रतिस्पर्धा गराएर मात्र खरिद गर्ने व्यवस्था भएता पनि विभिन्न मितिमा कार्यालयले विभिन्न सामानहरु कार्यालयको आवश्यकतालाई मध्येनजर गर्दै खरिद गरेको र यसबाट कार्यालय सञ्चालन सहज हुन गएको र कार्यालयलाई थप व्ययभार नपरेको साथै अब आइन्दा टुक्रा पारेर गरिने खरिदलाई निरुत्साहन गर्ने प्रतिवद्धता सहित सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १३ | विपद व्यवस्थापन शीर्षकमा खर्च गर्ने गरी वार्षिक रुपमा गाउँपालिका र वडाहरुले बजेट विनियोजन गरी विभिन्न शीर्षकहरुमा रकम वितरण गरेको पाइयो । यसरी विपद व्यवस्थापनको लागि विनियोजन गरेको रकमको एउटा छुटै कोष खडा गरी कोष सन्चालन गर्ने कार्यविधि गाउँपालिका परिषदबाट पास गरी रकम खर्च गर्नु पर्नेमा सो गरेको पाइएन । एकमुष्ट रकम<br>विनियोजन गरि वितरण गरेको खर्च रु. ७,८८,०१९। नियम सगत नदेखिएको | ७,८८,०१९। | स्थानीय विपद व्यवस्थापन ऐनको अभावमा तत्कालिन अवस्थामा विपद व्यवस्थापन शीर्षकमा खर्च गर्ने गरी वार्षिक रुपमा गाउँपालिका र वडाहरुले बजेट विनियोजन गरी विभिन्न शीर्षकहरुमा रकम वितरण भएको हाल गाउँपालिकाको छुट्टै विपद् व्यवस्थापन कार्यविधि, २०७९ पारित भई कार्यान्वयनमा आइसकेको हुँदा विपद् व्यवस्थापन जस्तो संवेदनशिल कार्य वजेट विनियोजन तथा खर्च समेत एकद्वार प्रणाली मार्फत गर्ने कानून आइसकेको अब आइन्दा कानूनले तोके भन्दा नगर्ने प्रतिवद्धता सहित सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| १५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम उपभोक्ता समितिले श्रममुलक काममा श्रम मुलक कामको निर्धारण गरी काम गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले भौ. नं. २०–०७४।६।८ विद्युत पोल खरिद वापत रु. ५,००,०००। बजेट विनियोजन भै उपभोक्ता समिति गठन गरी पोल खरिद भएकोमा पोल खरिद जस्तो कार्यामा कोटेशन लिएर खरिद गर्नु पर्नेमा उपभोक्ता समिति गठन गरी पोल खरिद गरेको छ । साथै लागत अनुमान र संझौता बमोजिम पोल गाड्ने कार्यमा उपभोक्ता समितिको सहभागीता हुने भने पनि पेश भएका विल भरपाइको परीक्षण गर्दा उपभोक्ता समितिको सहभागिता नपाइएकोले सो कार्यलाई नियम संगत भन्न नसकिएको | ५,००,०००। | सार्वजनिक खरिद ऐन लगायतका कानूनमा व्यवस्था भए बमोजिम गाउँपालिकाले गर्नु पर्ने कार्य उपभोगकर्ता र श्रममूलक कार्य अवस्थामा उपभोक्ता समितिबाट गर्ने गराउने व्यवस्था भए बमोजिम विद्युतीय पोल खरिदको लागि विनियोजन भएको बजेट रु. ५,००,०००। को समेत उपभोक्ता समिति गठन भई सो मार्फत खरिद कार्य पूरा गरी पोल गाड्ने कार्य नभएको र कानूनमा व्यवस्था भए बमोजिम कोटेशन नलिकएको भएता सम्पन्न काम भन्दा बढी भुक्तानी नभएको र कार्यालयको थप हानी नोक्सानी भएको नदेखिएको हुँदा आगामी दिनमा खरिद मात्र हुने प्रकृतिको काम कार्यालय आफैले गर्ने र खरिद भएको सामानको उपयोग हुने गरी लागत अनुमान गराउने । | |

| | | | | |
|---|---|---|---|---|
| १९ | आ.ब. २०७३।०७४ को अन्त्यमा पूँजीगत खर्चमा रु. ४८,००,०००। परिषदमा पेश नगरी कार्यपालिका बैठकबाट ७ वटा कार्यक्रम बनाई विभिन्न योजनामा गरी रु. ४६,६६,५२३। खर्च गरेको नियम सम्बत नदेखिएको । कार्यक्रम बनाउँदा यस वर्षको अनुमानित आय, मन्त्रालयबाट प्राप्त हुने अनुदान र गत वर्षको बचत रकमलाई समेत समावेश गरी बार्षिक कार्यक्रम बनाई बजेट विनियोजन गर्नु पर्नेमा उक्त रकम परिषद बैठक हुँदा नदेखाईएको र पछि कार्यपालिका बैठकबाट मात्र योजना बनाई रकम वितरण गरेको आर्थिक ऐन नियम र सिद्धान्त विपरित भएकोले यस्तो कार्य सभाबाट नियमित गराउनु पर्ने | ४६,६६,५२३। | स्थानीय तहको घोषणा पश्चात सोको लागि विभिन्न भौतिक पूर्वाधार निर्माण तथा कार्यालय सञ्चालनको लागि नेपाल सरकारले उपलब्ध गराएको रकम वचत रहन गएको यसरी वचत भएको रु. रु. ४८,००,०००। गाउँसभाको अधिवेशन हुँदा वजेट विनियोजन गर्न छुट भएको हुँदा सो लाई गाउँ कार्यपालिका बैठकबाट बाँडफाँट गरी खर्च गरिएको हो । तत्कालिन आवश्यकताका आधारमा गाउँ कार्यपालिका बैठकको निर्णयले सो कार्य भएको हुँदा सो लाई सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| आ.व. २०७४/०७५ को सम्परीक्षणको लागि पेश भएको जम्मा रु. ८१,५७,६०२। | | | | |

## आर्थिक बर्ष २०७५/०७६

| बेरुजु दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजु रकम | फछ्यौटको विवरण | कैफियत |
|---|---|---|---|---|
| २७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान खरिद गर्दा खुला बोलपत्रको माध्यामद्वारा, नियम ८४ मा बीस लाखसम्मको सिलबन्दी दरभाउपत्र आव्हान गरी र नियम ८५ बमोजिम पाँच लाख रुपैयासम्म सोझै खरिद गर्न सकिने र सोझै खरिद गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग नगरी देहाय अनुसार कार्य सोभै खरिद गरेको | ३२,६९,४५९। | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी पाँचलाख रुपैयाँ भन्दा बढी एकै पटक वा पटक पटक गरी एकै व्यक्ति, फर्म, वा कम्पनी वा संस्थाबाट खरिद गर्न नपाइने व्यवस्थाका सम्बन्धमा कार्यालय जानकार रहेको र निम्नानुसारको फरक फरक लागत अनुमान भएका कार्य वा निर्माण सम्बन्धी काम फरक फरक सार्वजनिक खरिद नियमावलीको नियम ८५ बमोजिम भएको देखिएको र दोहोरिएको फुल्पिडाँडा निर्माण सेवाको रु. ४,८५,२८७। बराबरको निर्माणको कार्य बाहेकका रु २७,८३,४७२। को सम्बन्धमा गाउँसभाको यसै अधवेशनमा व्यापक छलफल समेत | |

| | | | | |
|---|---|---|---|---|
| | नियमसम्मत देखिएन । गाउँ कार्यपालिकाबाट नियमित हुनु पर्ने रु. ३२,६९,४५९। | | भएको हुँदा सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने ।<br>१. साँधीखोला गुहेखोला नियन्त्रण विरभक्त निर्माण सेवाबाट भएको रु. ४,८५,१४४।<br>२. खाडीचौर जिरी सडक मर्मत फुल्पिङ डाँडा निर्माण सेवाबाट भएको रु. ३,५५,३४९।<br>३. गुहेखोलो पहिरो नियन्त्रण एस.एस.एस. निर्माण सेवा रु. ४,८५,७२७ ।<br>४. मिलडाँडा पहिरो नियन्त्रण देवीस्थान निर्माण सेवा रु. ४,८६,३४९।<br>५. यमुनाडाँडा पहिरो नियन्त्रण शुभकामना निर्माण सेवा रु. ४,८३,२७४।<br>६. काभ्रेखोला पहिरो नियन्त्रण भण्डारी एण्ड विल्डर्स रु. ४,८७,६२९। | |
| आ.व. २०७५/०७६ को सम्परीक्षण हुनुपर्ने जम्मा रु. २७,८३,४७२। | | | | |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

आर्थिक वर्ष २०७९/०८०

| बेरुजु दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजु रकम | फछ्यौटको विवरण | कैफियत |
|---|---|---|---|---|
| २४ | बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) एन २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि स्थानीय सेवा (गठन तथा संचालन) ऐनले गरेको व्यवस्था विपरित विभिन्न ३१ पदमा ७१ जना करारमा कर्मचारी नियुक्ति गरी रु १,०२,२५,६२६। पारिश्रमिक भुक्तानी गरेको कार्यलाई नियमानुसार मान्न नसकिएको । | १,०२,२५,६२६। | आ.व. २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदन अनुसार अनियमित वेरुजु औल्याई बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने व्यवस्था भनिएकोमा गाउँपालिकामा स्थायी कर्मचारीको स्वीकृत दरबन्दी संरचना रहेको, सो मध्ये कतिपय पदमा कर्मचारी पदपूर्ति भइसकेको र ३१ जना मध्येलाई कर्मचारी पदपूर्तिको लागि अनुरोध गरिएको तथा सहायकस्तर चौथोको हालसम्म पनि नियमावलीको अभावमा लोक सेवा आयोगबाट विज्ञापन नै नभइरहेको अवस्थामा स्वीकृत दरबन्दीभित्र तत्कालिन अवस्थामा कार्यालयको सेवा प्रवाहलाई निरन्तरता दिनु पर्ने भएकोले स्थायी कर्मचारीको पदपूर्ति नहुन्जेल सम्मको लागि विगत देखि नै अस्थायी तथा करारका कर्मचारीको व्यवस्था गरिएको र स्थायी कर्मचारीको सरुवा/सिफसारिस भई आऐ पश्चात करारका कर्मचारीहरुको करार सम्झौता स्वत रद्द हुने गरी सवै कर्मचारी दरबन्दी भित्र रहेकोले सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेख परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| ३८ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो | १,९२,०००। | कार्यालयले पदाधिकारी सुविधा शीर्षकमा उपशीर्षकमा विनियोजित खर्च भई सो शीर्षकमा बजेट बाँकी नरहेको हुँदा बैठक भत्ता भुक्तानीमा समस्या उत्पन्न भएको हुँदा शीर्षक | |

| | | | | |
|---|---|---|---|---|
| | रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुन वा सरकारी काममा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न उपशीर्षकमा विनियोजित बजेट के कति नपुग हुने हो एकीन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई एउटा उपशीर्षकबाट गर्नुपर्ने खर्च अर्को उपशीर्षकबाट गरेको र नियमित समेत नगरेकोले शीर्षक फरक गरी गरेको खर्चलाई नियम सम्मत भएको मान्न नसकिने रु. १,९२,०००।<br>(खर्च लेख्नु पर्ने शीर्षक पदाधिकारी सुविधा खर्च लेखिएको शीर्षक कालिका वडा कार्यालय मिलडाँडा पुरानोकोट सडक) | | कालिका वडा कार्यालय मिलडाँडा पुरानोकोट सडक उपशीर्षकबाट खर्च गर्नु परेको व्यहोरा गाउँ कार्यपालिकाको बैठक र सम्मानित गाउँसभाको अधिवेशनमा समेत व्यापक छलफल भएको र यसरी खर्च लेखे बापत कार्यालयलाई कुनै किसिमको थप व्ययभार नपरेको र अब आगामी दिनमा यस किसिमले खर्च नगर्ने प्रतिवद्धता जाहेर गर्दै सम्परीक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| ३९ | गाउँपालिकाले यो वर्ष महिला मातृशिशु बचत तथा ऋण सहकारी संस्था लि. लाई तीज विशेष सांस्कृतिक कार्यक्रम संचालन गरे वापत अनुदान स्वरुप भौ.नं. ३६-०७९/६/३१ बाट रु ७०,०००। खर्च उपलब्ध गराएको देखियो । पालिकाले अनुदान उपलब्ध गराउने आधार समेत स्पष्ट नगरी नाफामुलक संस्थालाई तीज विशेष कार्यक्रमको नाममा रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको | ७०,०००। | गाउँपालिकाले तीज विशेष कार्यक्रम संचालन गर्दा महिला मातृशिशु बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा सहज एवम् प्रभावकारी हुने देखिएकोले रु. ७०,०००। को कार्यक्रम संचालन गरेको र उक्त सहकारी संस्था महिलाहरुबाट सञ्चालित भई सोही सहकारी मार्फत गरेमा तीज जस्तो नारीमात्रको पर्व प्रभावकारी हुने गाउँपालिकाको बुझाईको कारण सञ्चालन भएको भएतापनि कार्यक्रम सञ्चालनको दौरानमा मस्यौट तथा हानीनोक्सानी नभएको हुँदा र अव आइन्दा यस्तो कार्यक्रम गाउँपालिका आफैंले सञ्चालन गर्ने प्रतिवद्धता सहित सम्परिक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |

टंकेन्द्र प्रसाद तिमल्सिना

| | | | | |
|---|---|---|---|---|
| ५४.१ | गाउँपालिका र एक एक पाइला फाउन्डेशन बीच २०७८/८/१ देखि २०८५ कार्तिक मसान्तसम्म १० शैयाको ठोकर्पा आधारभूत अस्पताल गाउँपालिकाको सहकार्यमा सञ्चालन तथा व्यवस्थापन गर्ने गरी सम्झौता भएको देखियो । सम्झौता अनुसार गाउँपालिकाले अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको पच्चीस प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख गरेको छ । यो वर्ष पालिकाले अस्पताललाई रु. ५०,००,०००। अनुदान उपलब्ध गराएको छ । सम्झौतामा अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको पच्चीस प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख गरेता पनि अस्पतालले वार्षिक कुल सञ्चालन खर्चको विवरण पालिकामा पेश गरेको देखिएन भने अस्पतालको लेखापरीक्षण प्रतिवेदन समेत हालसम्म पालिकामा पेश गरेको देखिएन । अत पालिकाले उपलब्ध गराएको अनुदान रकम अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको सीमा भित्र पर्छ वा पर्दैन तथा अनुदानको सहि र उचित उपयोग भए-नभएको सम्बन्धमा पालिकाले थप एकिन गर्नुपर्ने रु. ५०,००,०००। | ५०,००,०००। | गाउँपालिका र एक एक पाइला फाउन्डेशन बीच २०७८/८/१ देखि २०८५ कार्तिक मसान्तसम्म १० शैयाको ठोकर्पा आधारभूत अस्पताल गाउँपालिकाको सहकार्यमा सञ्चालन तथा व्यवस्थापन गर्ने गरी सम्झौता भएको र सम्झौतामा उल्लेख भए बमोजिम दुबै पक्षले खर्च व्यहोर्दै आइरहेको विवरण गाउँपालिकामा उपलब्ध भएको छ साथै अस्पतालको लेखापरीक्षण प्रतिवेदन समेत गाउँपालिकामा उपलब्ध गराइसकेको हुँदा विवरण र प्रतिवेदन यसै साथ संलग्न राखी सम्परिक्षण गरी बेरुजु नियमित गरीदिन हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने । | |
| आ.व. २०७९/०८० को सम्परीक्षणको लागि पेश भएको जम्मा रु. १,५४,८७,६२६। | | | | |
| **आ.व. २०७४/०७५, २०७५/०७६ र २०७९/०८० को सम्परीक्षणको लागि पेश भएको कूल जम्मा रु. २,६४,२८,७००।** | | | | |

टपिन्द्र प्रसाद तिमल्सिना

गा.पा. अध्यक्ष

निर्णय नं. ६

गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा सम्पादन गरेको आर्थिक कारोबारको सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण सम्पन्न भई सो को प्रतिवेदन गाउँपालिकामा प्राप्त भएकोमा सो प्रतिवेदन सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री कुमार शाहीबाट प्रस्तुत भयो । प्रतिवेदनमा औंल्याइएको विभिन्न सुझाव, बेरुजू तथा आर्थिक विवरण सम्बन्धमा छलफल भई उल्लेख भएका कमी कमजोरीलाई मनन गर्दै आगामी आर्थिक बर्षमा हुने कारोबारमा उक्त प्रकृतिका कमी कमजोरी नदोहोर्याउन र वित्तीय सुशासन कायम गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

आर्थिक बर्ष २०८०/०८१ मा गाउँ कार्यपालिकाको १४ वटा बैठक बसी यस अवधिमा गाउँपालिकाले गरेको आय व्यय, संघ तथा प्रदेशका निकायसँग समपुरक लगायतको योजना माग, योजना संशोधन, आर्थिक सहायता, रकम भुक्तानी, कार्यविधिहरुको पारित तथा संशोधन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका विभिन्न निकायबाट लेखी आएको सुझाव कार्यान्वयन, इजाजतपत्र वितरण, कर्मचारी सेवा सुविधा, नियुक्ती तथा पदस्थापन लगायतका गाउँ कार्यपालिका बैठकबाट विभिन्न १०४ वटा निर्णय भएकोमा सो लाई अनुमोदन गर्दै तपसिल बमोजिमको रकमान्तरको निर्णयलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**क. घटाउने**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिप विकास तालिम प्राप्त गरी उद्यम व्यवसाय संचालन गर्ने उध्मीलाई प्राविधिक सहयोग | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |
| २ | पोशाक | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ३ | पानी तथा बिजुली | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ४ | आ.व. २०७९/८० को निकासा फिर्ता | आन्तरिक श्रोत | ७८,०१,०००.०० | |
| ५ | घरभाडा | राजस्व बाँडफाँड - संघीय सरकार | ४,५०,०००.०० | |
| ६ | फर्निचर तथा फिक्चर्स | राजस्व बाँडफाँड - प्रदेश सरकार | ६,४३,०००.०० | |
| ७ | सकृय तथा निष्कृय सहकारी संथाको क्षमता विकास कार्यक्रम | आन्तरिक श्रोत | १,५०,०००.०० | |
| ८ | महंगी भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | पारिश्रमिक सुविधा | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| १० | सकृय तथा निष्कृय सहकारी संथाको क्षमता विकास कार्यक्रम | आन्तरिक श्रोत | १,००,०००.०० | |
| ११ | इन्धन - अन्य प्रयोजन | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |
| १२ | पत्राकारिता क्षमता विकास कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| १३ | कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा उधमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० | |
| १४ | स्थानीय भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| १५ | सरसफाई तथा अन्य सेवा | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |
| १६ | संचार मैत्री कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | ५०००० | |
| १७ | विभिन्न कृषि कार्यक्रम | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३,००,०००.०० | |
| १८ | सीप प्रमाणिकरण कार्यक्रम | नेपाल सरकार | १,००,०००.०० | |
| १९ | गर्भवती आमाहरुलाई सुत्केरी हुने समयमा वर्थिङ सेन्टर सम्म लैजान निशुल्क एम्वुलेन्स सेवा | बागमती प्रदेश | १,००,०००.०० | |
| २० | योग शिविर संचालन | नेपाल सरकार | १,००,०००.०० | |
| २१ | आ व 2079/80 को दायित्व सार्ने | नेपाल सरकार | ११,२५,०००.०० | |
| २२ | सभाहल मिटिङहल तथा ईजलास व्यवस्थापन | राजस्व बाँडफाँड - संघीय सरकार | १५,००,०००.०० | |
| २३ | पूँजीगत परामर्श खर्च | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४,००,०००.०० | |
| २४ | सवारी साधन तथा मेशिनर औजार भाडा | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |
| २५ | पत्राकारिता क्षमता विकास कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| २६ | पत्राकार महासंघको कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| २७ | मोतिया विन्दु अप्रेसन रेयुकाई मासुनागासंग सहकार्य | बागमती प्रदेश | २,५०,०००.०० | |
| २८ | उर्जा तथा सोलार मर्मत | नेपाल सरकार | १,४७,०००.०० | |

टपिन्द्र प्रसाद तिमील्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २९ | अनुगमन, मूल्यांकन खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ४,००,०००.०० | |
| ३० | स्थानीय भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० | |
| ३१ | सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ३२ | कर्मचारी क्षमता विकास कार्यक्रम | आन्तरिक श्रोत | २,००,०००.०० | |
| ३३ | उत्कृष्ट नमुना योग्य कार्य गर्ने तिन वटा उपभोक्ता समितिलाई पुरस्कार | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ३४ | कृषि कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० | |
| ३५ | पारिश्रमिक सुविधा | राजस्व बाँडफाँड - संघीय सरकार | २,५०,०००.०० | |
| ३६ | न्यायिक समिति ब्यबस्थापन तथा बैठक खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ३५००० | |
| ३७ | कृषि तथा पशु विकासमा आधारित साना किसान उद्यमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० | |
| ३८ | कालीदेवी खेल मैदान | नेपाल सरकार | १,००,०००.०० | |
| ३९ | इन्धन - अन्य प्रयोजन | राजस्व बाँडफाँड - संघीय सरकार | २,०२,०००.०० | |
| ४० | गाँउ सभा संचालन | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ४१ | ४ वटा सामुदायिक स्वास्थ इकाईमा कार्यालय सहयोगी व्यव्थापन | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३,४३,०००.०० | |
| ४२ | महिला स्वास्थ स्वंसेविकाको सामुहिक स्वास्थ बिमा | बागमती प्रदेश | १,००,०००.०० | |
| ४३ | संचार मैत्री कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,२०,०००.०० | |
| ४४ | संचार महसुल | राजस्व बाँडफाँड - संघीय सरकार | २,५०,०००.०० | |
| ४५ | पोशाक | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| ४६ | मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम | राजस्व बाँडफाँड - संघीय सरकार | ३,००,०००.०० | |
| ४७ | आ व 2079/80 को दायित्व सार्ने | नेपाल सरकार | १,२८,०००.०० | |
| ४८ | सवारी साधन विमा तथा निविकरण | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| ४९ | सडक वोर्ड वाट प्राप्त रकम | सडक बोर्ड | २४,१४,५९२.०० | |

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५० | ४ वटा सामुदायिक स्वास्थ इकाईमा कार्यालय सहयोगी व्यवस्थापन | राजस्व बाँडफाँड - संघीय सरकार | ४,४१,०००.०० | |
| ५१ | वडा सचिप र वडाका कर्मचारी अभिमुखिकरण कार्यक्रम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम | नेपाल सरकार | १,००,०००.०० | |
| अक्षरुपी: तीन करोड एघार लाख पैतालीस हजार पाँच सय बयानब्बे रुपैया मात्र। | | | ३,११,४५,५९२.०० | |

ख.बढाउने

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड - संघीय सरकार | ९,३५,०००.०० | |
| २ | मेलमिलाप कर्ताहरुलाई पुनर्ताजगी तालिम | नेपाल सरकार | १,२८,०००.०० | |
| ३ | कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा उधमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० | |
| ४ | ६० बर्ष कटेका महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक विदाई कार्यक्रम | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४६००० | |
| ५ | इन्धन (कार्यालय प्रयोजन) | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| ६ | पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| ७ | मोटर साईकल खरिद | नेपाल सरकार | ४,५०,०००.०० | |
| ८ | वडा कार्यालय संचालन खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| ९ | वडा कार्यालय व्यवस्थापन तथा फर्निचर | राजस्व बाँडफाँड - प्रदेश सरकार | १,४७,०००.०० | |
| १० | सभाहल ब्यवस्थापन | राजस्व बाँडफाँड - संघीय सरकार | १५,००,०००.०० | |
| ११ | पूँजीगत परामर्श खर्च | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४,००,०००.०० | |
| १२ | मर्मत संभार खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ४,५०,०००.०० | |
| १३ | नयाँ छनौट भएका महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाको आधारभूत तालिम | बागमती प्रदेश | १,००,०००.०० | |
| १४ | सुनखानी बाटोघर सिढी निर्माण | नेपाल सरकार | १,००,०००.०० | |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १५ | मेल मिलापकर्तालाई पुनर्ताजगी तालिम | नेपाल सरकार | १,४७,०००.०० | |
| १६ | सेतीदेवी शारदा मा.वि. कार्यक्रम संचालन खर्च | आन्तरिक श्रोत | ६,७५,०००.०० | |
| १७ | विपद ब्यबस्थापन कोष | नेपाल सरकार | ३,००,०००.०० | |
| १८ | फर्निचर तथा फिक्चर्स | राजस्व बाँडफाँड - प्रदेश सरकार | ६,४३,०००.०० | |
| १९ | आ.व. २०७९/८० को निकासा फिर्ता | आन्तरिक श्रोत | ६,५०,००,०००.०० | |
| २० | यमुना डाडाँ झोलुङ्गे पुल गत आवको भुक्तानी बाकी | आन्तरिक श्रोत | १,७३,८३२.०० | |
| २१ | विपद ब्यबवस्थापन कोष | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| २२ | सवारी साधन तथा मेशिनरी औजार भाडा | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| २३ | आर्थिक सहायता | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० | |
| २४ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | आन्तरिक श्रोत | ८,००,०००.०० | |
| २५ | बैठक भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| २६ | सडक वोर्ड संग साझेदारी | आन्तरिक श्रोत | ५,६०,०००.०० | |
| २७ | दुरसंचार सम्बन्धी कार्यक्रम | आन्तरिक श्रोत | ५०,९२,८८२.२२ | |
| २८ | बोल पत्र सूचना प्रकाशन खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० | |
| २९ | सामुदायिक विद्यालयका कक्षा ६ मा अध्यानरत विद्यालयलाई दिवा खाजा कार्यक्रम | आन्तरिक श्रोत | ८,००,०००.०० | |
| ३० | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | १,४०,०००.०० | |
| ३१ | कालीदेवी आधारभूत विद्यालय खेलकुद सामाग्री सहयोग | राजस्व बाँडफाँड - प्रदेश सरकार | ५०००० | |
| ३२ | मेलमिलाप कर्तालाको पुनर्ताजगी तालिम | आन्तरिक श्रोत | २५००० | |
| ३३ | साना किसान उद्यमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २,६९,८००.०० | |
| ३४ | विवध पूर्वाधार | आन्तरिक श्रोत | ३३,८५,०००.०० | |
| ३५ | ANC चेक अप गराउने महिलालाई अण्डा वितरण कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,१३,०००.०० | |

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३६ | लिवर्डको साझेदारी रकम | आन्तरिक श्रोत | १,००,०००.०० |
| ३७ | विभिन्न मठ मन्दिर गुम्वा सम्बन्धी कार्य | नेपाल सरकार | ५०००० |
| ३८ | इन्धन (कार्यालय प्रयोजन) | राजस्व बाँडफाँड - संघीय सरकार | ६,००,०००.०० |
| ३९ | विपत ब्यबस्थापन कोष | बागमती प्रदेश | ३,५०,०००.०० |
| ४० | सडक वोर्डको कार्यक्रम | आन्तरिक श्रोत | २४,१४,५९२.०० |
| ४१ | पारिश्रमिक कर्मचारी | आन्तरिक श्रोत | ७५००० |
| ४२ | कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा उधमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० |
| ४३ | पाखर झोपु | आन्तरिक श्रोत | ७,७१,४१४.०० |
| ४४ | मर्मत संभार कोष | आन्तरिक श्रोत | ६,३५,७५४.०० |
| ४५ | मर्मत संभार कोष | नेपाल सरकार | १२,६२,३०४.०० |
| ४६ | विपद व्यबस्थापन कोष | आन्तरिक श्रोत | ३,५०,०००.०० |
| ४७ | कृषि तथा पशु विकासमा आधारित साना किसान उद्यमशिलता कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० |
| ४८ | उद्यमीहरुलाई प्रबिधि हस्तान्तरण कार्यक्रम | आन्तरिक श्रोत | ३०००० |
| ४९ | कृषि कार्यक्रम | आन्तरिक श्रोत | २९,८२,०००.०० |
| ५० | सन्देश मुलक सुचना प्रकाशन तथा प्रसारण खर्च | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४,००,०००.०० |
| ५१ | बैठक भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | ४,००,०००.०० |
| ५२ | सडक वोर्ड वाट प्राप्त रकम | सडक बोर्ड | २४,१४,५९२.०० |
| ५३ | मेशिनरी तथा औजार | नेपाल सरकार | २२६९६ |
| अक्षेरपी : रुपैयाँ दश करोड सत्तरी लाख चौतिस हजार आठ सय छैसठ्ठी पैसा बाइस मात्र। | | | १०,७०,३४,८६६.२२ |

निर्णय नं. ८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४ को उपदफा ३ बमोजिम सुनकोशी गाउँपालिकाको केन्द्र तोक्नको लागि गाउँ कार्यपालिकाको मिति २०८०।१०।२९ गते बसेको बैठकले सिफारिस गरे बमोजिमकै वा अन्य स्थानमा

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

रहने सम्बन्धमा कानूनले निर्धारित गरे बमोजिमको गाउँ सभाको आगामी नियमित वा विशेष अधिवेशनको आव्हान गरी अधिवेशनले निर्णय गरे बमोजिम हुने गरी हाललाई स्थगन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना, २०७८ को दफा ३.२.८ बमोजिम गाउँपालिकामा गठित मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यदलले मस्यौदा गरी विभिन्न तहमा छलफल तथा पारित भई अनुमोदनको लागि पेश हुन आएको सुनकोशी गाउँपालिकाको २०८१/०८२-२०८३/०८४ को मध्यमकालीन खर्च संरचना अनुमोदनको लागि सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले संरचनाको पक्षमा सदस्यहरुको मत जाहेर भई पारित भएको निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

गाउँसभाको चौथो अधिवेशनको दोस्रो बैठक